## प्रेस विज्ञप्ति
## आश्विन ९, २०८०

**एन आई सी एशिया क्यापिटलले पूँजी बजार साक्षरता सम्बन्धी कार्यक्रम सिभिल होम्स काठमाण्डौमा सम्पन्न गरेको छ ।**



एन आइ सी एशिया क्यापिटल लिमिटेडले आफ्नो स्थापनाकालदेखि नै संस्थागत सामजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ । सोही कार्यलाई निरन्तरता दिने क्रममा Civil Homes Welfare Society र एन आई सी एशिया क्यापिटलको संयुक्त आयोजनमा Civil Homes Residence कल्यार्णेश्वर मन्दिर प्राङगणमा पूँजी बजार साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा क्यापिटलका उच्च तहका अधिकारीहरुले त्यस आवासिया क्षेत्रमा बसोवास गर्दै आउनु भएका सम्पुर्ण वासिन्दाहरुलाई डिम्याट खाता, प्रथामिक शेयर, मुद्रा बजार उपकरणहरु, सामूहिक लगानी कोष, धितोपत्रको दोश्रो बजार तथा दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गर्दा कहिले कसरी लगानी गर्न सकिन्छ भन्ने विषयमा आवश्यक जानकारी प्रदान गरिएको थियो । साथै दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गर्ने सम्बन्धी निर्णय लिदाँ विशेष ध्यान दिनुपर्ने कुराहरु लगायत समग्र पूँजी बजारको पछिल्लो अवस्थाको बारेमा विस्तृत जानकारी तथा छलफल गरिएको थियो ।

उक्त कार्यक्रममा सो क्षेत्रमा बसोबास गर्ने ४० जना भन्दा बढी बासिन्दाहरुको सहभागिता रहेको थियो । साथै आगामी दिनमा सोही प्रकृतिको साक्षरता कार्यक्रम संचालन गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस क्यापिटलका अधिकारीक श्री डम्बर राईज्यूलाई मोवाइल नं. ९८४२५४१८७० मा सोझै सम्पर्क गर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराइन्छ ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य